# सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड

को

तेईसौ बार्षिक साधारण सभाको

निर्णय माईन्युट

| | | |
|---|---|---|
| सभा मिति | : | **२०७७ भाद्र १३ गते शनिबार** |
| सभा समय | : | बिहान १०:०० बजे |
| सभा स्थान | : | कम्पनीको प्रधान कार्यलय नक्साल, काठमाण्डौं । |

१. **बैधानिक सभा :**

मिति २०७७ साल श्रावण महिना १५ गते बसेको सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको २८९ औं बैठकको निर्णय अनुसार बोलाईएको कम्पनीको **तेईसौ** बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०७७ भाद्र १३ गते शनिबार (तद्नुसार २९ अगष्ट, २०२०)

२.२ स्थान : कम्पनीको प्रधान कार्यलय, नक्साल, काठमाडौं ।

२.३ समय : बिहान १०:०० बजे देखी ।

३. **सभाको सूचना :**

३.१ मिति २०७७ साल श्रावण महिना १५ गते बसेको संचालक समितिको २८९ औं बैठकले कम्पनीको **तेईसौं** वार्षिक साधारण सभा २०७७ भाद्र १३ गते शनिबार, कम्पनीको प्रधान कार्यालय, काठमाण्डौंमा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी मिति २०७७ साल साउन १९ गतेको कारोवार राष्ट्रिय दैनिकमा २१ दिनको सार्बजनिक सूचना प्रकाशित गरी मिति २०७७ भाद्र २ गतेको अभियान राष्ट्रिय दैनिकमा पून : स्मरणार्थ सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित साधारण सभाको सूचनाको साथमा कम्पनीको संक्षिप्त आर्थिक बिवरण र संचालक समितिको बार्षिक प्रतिवेदन, आ.ब.२०७५/०७६ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह बिवरण सहितको पुस्तिका तयार गरी शेयरधनी महानुभावहरुले आफ्नो शेयरधनीको प्रमाण प्रस्तुत गरि कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ भन्ने सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

३.३ कम्पनीले आफ्ना शेयरधनी महानुभावहरुको घर ठेगानामा उपरोक्त बमोजिमको वार्षिक प्रतिवेदन, आ.ब.२०७५/०७६ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण पठाउन नसकिएता पनि कम्पनीको संक्षिप्त आर्थिक बिवरण र आ.ब.२०७५/०७६ को वार्षिक प्रतिवेदन कम्पनीको वेभसाईटमा राखिएको र कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने ब्यवस्था गरिएको व्यहोरा सभामा अवगत गराईएको थियो ।

४. **आसन ग्रहण :**

४.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री रामकृष्ण मानन्धर, संचालकहरु क्रमश : श्री सिद्धार्थमणी राजभण्डारी, श्री किर्ति कुमार जोशी, श्री गजेन्द्रलाल श्रेष्ठ स्वयं सभास्थलमा

उपस्थित भई ड्यासमा आसन ग्रहण गर्नुभएको थियो भने संचालक : श्री पद्म ज्योती सभा स्थलमा उपस्थित भई शेयरधनि दर्ता पुस्थिकामा दस्तखत गरी ZOOM मार्फत प्रत्यक्ष रुपमा सभामा सहभागी हुनुभएको, र संचालकद्धय श्री लोकमान्य गोल्छा र श्री निर्मला देबी मानन्धरले ZOOM मार्फत प्रत्यक्ष रुपमा सभामा सहभागी हुनुभएको थियो ।

४.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री चंखु क्षेत्री, कानुनी सल्लाहकार श्री बालकृष्ण ढकाल र कम्पनीका वरिष्ठ पदाधिकारीहरुलाई आसन ग्रहण गराईएको थियो ।

४.३ नियमक निकायहरु बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल धितोपत्र बिनिमय बजार लि.का प्रतिनिधिज्युहरुलाई सभामा सहभागिता जनाउन र आसन ग्रहण गर्नका लागी अनुरोध गरीएको थियो ।

४.४ ZOOM मार्फत सभामा सहभागीताका लागी सहभागी हुनुभएका सम्पुर्ण शेयरधनी माहानुभाबहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नका लागी अनुरोध गरीएको थियो ।

**५. सभाको सभापतित्व :**

कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम साधारण सभाको सभापतित्व कम्पनीका अध्यक्ष श्री रामकृष्ण मानन्धरज्यूले गर्नुभई सभाको कार्यवाही अगाडी बढाउन कम्पनी सचिव श्री बिश्वनाथ अधिकारीलाई अनुमति प्रदान गर्नु भयो ।

**६. गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावलीको नियम ५(१) वमोजिम साधारण सभा संञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा प्रत्यक्ष रुपमा १४ जना, ZOOM मार्फत २७ जना, प्रोक्सी मार्फत १३ जना शेयरधनि गरी कुल शेयर संख्याको ६४.८३ प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरि शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुरा भएको र सभाले बैधानिकता प्राप्त गरेको ब्यहोरा सभामा जानकारी भयो ।

**७. उपस्थिति :**

**(क) संचालकहरुको उपस्थिति :**

| **संस्थापक शेयरधनीहरु (समूह“क”) को तर्फबाट** | **सर्वसाधारण शेयरधनीहरु (समूह“ग”) को तर्फबाट** | **स्वतन्त्र ब्यबसायिक संचालक** |
|---|---|---|
| श्री रामकृष्ण मानन्धर,<br>श्री सिद्धार्थमणी राजभण्डारी | श्री गजेन्द्र लाल श्रेष्ठ<br>श्री कीर्ति कुमार जोशी | श्री निर्मला देबी मानन्धर<br>*(ZOOM मार्फत)* |

| | | |
|---|---|---|
| श्री पद्म ज्योती, सभा स्थलमा उपस्थित भई शेयरधनि दर्ता पुस्तिकामा हसताक्षर गरे पश्चात घरबाट पछी *(ZOOM मार्फत) सहभागी*<br>श्री लोकमान्य गोल्छा *(ZOOM मार्फत)* | | |

(ख) **शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| सभा स्थलमा स्वयं उपस्थिति | १४ |
| ZOOM मार्फत स्वयं उपस्थित | २७ |
| प्रतिनिधि मार्फत उपस्थिति | १३ |
| जम्मा उपस्थिति | ५४ |

(ZOOM मार्फत स्वयं उपस्थित ४ जना शेयरधनिहरुको वास्तविक परिचय खुल्न नसकेका कारण माथि स्वयं उपस्थितीमा गणना नगरिएको ।)

**(घ) शेयरधनी उपस्थिती संख्या :**

| स्वयं उपस्थिती | प्रतिनिधि मार्फत उपस्थिती | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| २८,०७,९२३ | ३६,८३,०१४ | ६४९०९३७ | ६४.८३ |

**८. सभामा छलफल गरिने बिषयहरुको सूची प्रस्तुत :**

कम्पनी सचिब श्री बिश्वनाथ अधिकारीले पूर्ब निर्धारित सुचना अनुसार सभामा देहायका छलफलका बिषयहरु रहेको स्मरण गराउदै बिषय सूचीहरु बाचन गर्नुभयो ।

**८.१. छलफलका बिषयहरु :**

**८.१.१ सामान्य प्रस्ताव :**

८.१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट पेश हुने आ.ब.२०७५/२०७६ को बार्षिक प्रतिवेदन पारित गर्ने ।

८१.२ आ.ब.२०७५/२०७६ को लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

८.१.३ कम्पनीको आ.व.२०७६/२०७७ को लेखा परिक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने । *(बर्तमान लेखापरिक्षक श्री बि.के.अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टको यो तेश्रो बर्ष भएकोले पूनः नियूक्ति हुन सक्ने)*

**८.२. बिशेष प्रस्ताव :**

८.२.१ निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्वन्धि कार्य गर्ने सम्बन्धि अधिकार संचालक समितिलाई प्रदान गर्ने ।

८.२.२ कम्पनीबाट सामाजिक संघ संस्थालाई आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को "ग" ले निर्धारण गरेको सिमा नाघेको हुदा सो अन्तर्गत भएको खर्च रु.९० हजार लाई अनुमोदन गर्ने ।

८२.३ उपरोक्त बमोजिमका प्रस्ताव पारित भई स्वीकृतिका लागी पेश हुदा नियमनकारी निकाय वा कार्यालयबाट कुनै बिषयमा संसोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

**८.३. बिबिध ।**

**९. बार्षिक प्रतिवेदनको प्रस्तुति :**

संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री रामकृष्ण मानन्धरज्यूले संचालक समितिको आ.ब.२०७५/०७६ को बार्षिक प्रतिवेदन वाचन गरी सभामा प्रस्तुत गर्नुभयो ।

**१०.** सभाका सभापतिज्यूले संचालक समितिको प्रतिबेदन प्रस्तुत गर्नु भए पश्चात कम्पनीको आ.ब.२०७५/०७६ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह बिवरण र अनुसूचीहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभएकोमा शेयरधनीहरु श्री अमृतनाथ रेग्मी, श्री गुणराज भट्ट, श्री डमरुबल्लब घिमिरे, श्री चन्द्र नारायण श्रेष्ठ, श्री शिब प्रसाद पौडेल, श्री दामोदर रेग्मी, श्री राम गोपाल महर्जन, श्री रोजकुमार श्रेष्ठले ZOOM मार्फत र श्री उद्धब प्रसाद धिमिरेले शुभकामना संन्देश मार्फत सभामा सहभागी हुँदै आफ्ना जिज्ञासा तथा सुझावहरु प्रश्तुत गर्दै **श्री अमृतनाथ रेग्मी :** संचालक समिति र अध्यक्षको प्रतिबेदन अलग अलग हुनुपर्ने, कम्पनी ऐनको दफा १०९ लाई ध्यान दिनुपर्ने, गत बर्षको सोधभर्नाको कारणले यस आ.ब.मा नगद लाभांस प्राप्त हुन सकेन, बिश्व बिद्यालय र कलेजहरुमा बिमा बिषयको पढाईको बारेमा पनि कम्पनीले पहल गर्नुपर्ने जसबाट उपयुक्त जनशक्ती आपुर्ति गर्न सहज हुने, कम्पनीले

प्रधान कार्यालय संग जोडिएको जग्गा र भवन खरिद गरेकोमा सो को अधिकत्म उपयोग गर्नुपर्ने, चालु आ.ब.को साधारण सभा समयमै सम्पन्न हुनु पर्ने । **श्री गुणराज भट्ट :** गत बर्षको बोनश शेयर जारी भएकोले सो को लागी सोधभर्ना गरीएको रकमको कारणले यस आ.ब.मा नगद लाभांस प्राप्त हुन सकीएनछ, कम्पनीको ब्यबसायिक बृद्धि सरकारात्मक छ, COVID-19 लाई उचित तवरले सम्बोधन गरी ब्यापार बिस्तार गर्नुपर्छ, बजारमा नयाँ कम्पनीहरु पनि आएकाछन तिनिहरुसंग पनि प्रतिस्पर्धा गर्न तयार रहनुपर्छ, लेखा परिक्षण प्रतिबेदनमा कम्पनीले दण्ड जरीवाना तिरिएको देखाईएको छ सो के हो ? **श्री डमरुबल्ल्ब घिमिरे :** बिषम परिस्थीतिमा पनि साधारण सभा गर्न सफल भएकोमा बधाई छ, साधारण सभामा स्वयं उपस्थित हुन नसककेकोमा दुःख लागेको छ, स्थगन गरेर साधारण सभा गरेकोभए हुने भनि कतिपय साथिहरुबाट सुझाब आएको छ, प्रस्ताबहरु कसरी पारित गरीन्छ जानकारी पाउ, समयमा साधारण सभा गर्नु पर्‍यो, अध्यक्षज्युको प्रतिबेदन छोटकरीमा आउनुपर्छ, कम्पनीको उचित ब्यबस्थापनमा ध्यान दिईयोस, यस बर्ष प्रतिफत दिने ब्यबस्था होस, कम्पनी संगै रहेको जग्गा र भवनलाई आयमुलक काममा लगाईयोस, कम्पनीले प्रदान गर्ने आर्थिक सहायता बढी भएको हो की ? कम्पनीले तोकेको सिमामित्र रहेर खर्च गर्नुपर्‍यो, कम्पनीका शेयरधनिहरु अघोसित राजदुतको रुपमा कार्यगर्न तयार भएकाले उनिहरुको ज्ञानको उपभोग होस । **श्री चन्द्र नारायण श्रेष्ठ :** COVID-19 को समयमा पनि ZOOM मार्फत सभामा सहभागी हुने अबसर प्रदान गरेकोमा धन्यबाद छ, कम्पनीको Reserve Income बढेकामा बधाई छ, ब्यबस्थापन खर्च १० प्रतिशतमा सिमित गनुपर्छ, हालको खर्च बढी देखिएको छ, कम्पनीको बिगतमा प्रदान गरेको लाभांस गरेको आधारमा आगामी दिनमा सो को ब्यबस्थापन गर्नुपर्छ, अध्यक्षज्युको प्रतिबेदन २ पृष्ठको हुनुपर्छ, कम्मनीको Return earning बढाउनुपर्‍यो, नाफा घटेको हो की ? Devedent earning बढाउनुपर्‍यो । **श्री शिब प्रसाद पौडेल :** हालको बिषम परिस्थितिलाई पनि चुनौतिको रुपमा लिई कार्य गर्नुपर्‍यो, यस्तो बेलामा पनि ZOOM मार्फत साधारणसभा गरेकोमा कम्पनीलाई बधाई छ, कम्पनीको नाम जस्तै ब्यबसाय पनि सगरमाथाजस्तै उचाईमा पुगोस, यसपाली शेयरधनिहरुको हात खाली भयो, आगामी दिनमा यस्तो नहोस, अन्य कम्पनीसंग प्रतिस्पर्धामा उत्रन खरो रुपमा काम गर्नुपर्छ, आगामी बर्ष बोनश शेयर आधा र नगद लाभांस आधा होस, आगामी बर्ष तोकिएको मितिमा साधारण सभा सम्पन्न होस । **श्री दामोदर रेग्मी :** ZOOM मार्फत साधारणसभा गरेकोमा कम्पनीलाई बधाई छ, आगामी बर्ष तोकिएको मितिमा साधारण सभा सम्पन्न होस, सरकार लगानिकर्ता प्रति सकारात्मक भएको पाईएन, NFRS बाट Tax लिने तर Reserve सार्नुपर्ने कुरा चित्त बुझेन, आगामी बर्ष लाभांस बितरण गर्ने बारेमा सोच्नुपर्छ । **श्री राम गोपाल महर्जन :** ZOOM मार्फत साधारणसभा भाग लिन पाएकोमा खुसी लागेको छ,

कम्पनीबाट बुझीलिन बाँकी लाभांसको बारेमा शेयरधनिहरुलाई खबर हुनुपर्छ, गत बर्षको बोनश शेयर प्राप्त गर्नकालागी नगद रकम तिर्नुपर्ने भएकाले कतिपय शेयरधनिहरुको खातामा हाल सम्मपनि बोनश शेयर दर्ता हुन सकेको छैन, अग्नी र मोटर बिमामा राम्रो ब्यापार र नतिजा देखिएन, नयाँ कम्पनीहरुले हामीहरुलाई उछिन्ने अबस्था नआवोस, २३ बर्ष पुरानो कम्पनीले समयमा साधारण सभा गर्नै पर्छ, कम्पनीमा कार्यरत कर्मचारीहरुलाई समयअनुसार तालिम र प्रशिक्षणको प्रबन्ध गरीयोस । **श्री रोजकुमार श्रेष्ठ :** ZOOM मार्फत साधारणसभा भाग लिन पाएकोमा खुसी लागेको छ, अन्य कम्पनीले साधारणसभा स्थगित गरेपनि सगरमाथाले गरेकोमा बधाई छ, मर्जर वा प्राप्ती गर्दा ध्यान जावोस, आगामी बर्ष शेयरधनिहरुको हात खाली नजावोस भनि सुझाब दिनुभयो । साथै यसैगरी शेयरधनि श्री उद्धाब प्रसाद धिमिरेले सन्देश मार्फत मर्जरको कार्यगर्दा पर्याप्त ध्यान जावोस भनि सुझाब दिनुभयो ।

११. शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण सुझावहरुका लागि सभापतिज्युबाट धन्यवाद दिदै कम्पनीको प्रधान कार्यालय संगै रहेको जग्गामा ब्यबसायिक भवन बनाउने बारेमा सोच बिचार भई रहेको र सम्भब भएमा भवन निर्माणको कार्य सुरु गर्ने बिचारमा छौ, मर्जर वा प्राप्ति गर्दा निश्चयनै शेयरधनिहरुको हितलाई ध्यान दिने छौ, यस्तो बिषम् अबस्थामा समेत ZOOM मार्फत साधारणसभा भाग लिनुभएकोमा शेयरभनिहरुमा धन्यबाद, बिमा समितिले बित्तिय बिबरण स्विकृत गर्दा बित्तिय बिबरण स्विकृत गरेको मितिले ६० दिनभित्र साधारण सभा गर्नु पर्ने शर्त सहित बित्तिय बिवरण स्वीकृती दिएकोले यो साधारण सभाको आयोजना गरीएको हो, साधारण सभामा प्रत्यक्षरुपमा शेयरधनिहरु उपस्थित हुन नसक्नु भएकोमा दुख लागेको छ, आगामी दिनमा समयमा साधारण सभा गर्ने र लाभांस बितरण गर्ने बारेमा गम्भीर भएका छौं भन्नुहुदै सभामा उठेका प्राविधिक र व्यवस्थापन सम्बन्धि जिज्ञासाहरुको जवाफ दिन प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन दिनुभएकोमा सभापतिज्यूको अनुमतिले कार्यकारी अधिकृत श्री चंकी क्षेत्रीले शेयरधनीहरुले उठाउनु भएका जिज्ञासा, सुझावहरुको समष्टिगत रुपमा जवाफ दिदै शेयरधनिबाट प्राप्त सुझावबाट उत्साह प्राप्त भएको, चालु आर्थिक बर्षमा शेयरधनि माहानुभाबहरुलाई उचित प्रतिफल दिन कम्पनी प्रयत्नरत रहेको, पोखरामा भएको आगलागीको घटनामा आर्थिक सहयोग गर्दा कम्पनी ऐनले तोकेको सिमा नाघेको हो, AGM को सुचना निकाल्दा Lock dawn थिएन र तोकिएको मितिमा साधारण सभा गर्नुपर्ने बाध्यता आएको हो र कम्पनीले गरेको समग्र कुराको जानकारी लेखापरिक्षण प्रतिबेदनमा उल्लेखीत रहेको छ, भन्दै सभामा उपस्थित भई सक्रिय रुपमा छलफलमा सहभागी भई कम्पनी उपर बिश्वास जगाई सुझाब र टिप्पणी गर्नुहुने सबै शेयरधनि महानुभाबहरु प्रति हार्दिक धन्यबाद ज्ञापन गर्नुभयो ।

१२. **<u>सभाबाट भएका निर्णयहरु :</u>**

**<u>सामान्य प्रस्ताब तथा सो मा भएको निर्णय :</u>**

**१२.१ संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट पेश हुने कम्पनीको आ.ब.२०७५/०७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

निर्धारित बिषयसूची नं.८.१.१ अन्तर्गत रहेको संचालक समितिको आर्थिक बर्ष २०७५/०७६ को संचालक समितिको प्रतिबेदन सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन पारित गरीयो ।

**१२.२ कम्पनीको आ.ब.२०७५/०७६ को लेखा परिक्षण प्रतिबेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह बिवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।**

निर्धारित बिषयसूची नं.८.१.२ मा रहेको कम्पनीको आ.ब.२०७५/०७६ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान, हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसुचिहरु पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदनहरु पारित गरियो ।

**१२.३ कम्पनीको आ.व.२०७६/०७७ को लेखा परीक्षण गर्नकालागी लेखा परिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षकको नियुक्ती गरी निजको पारिश्रमिक तोक्ने । (बर्तमान लेखापरिक्षक श्री बि.के.अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टटेन्ट्सको यो तेश्रो बर्ष भएकाले पुनः नियुक्त हुन सक्ने)**

निर्धारित बिषयसूची नं.८.१.३ मा रहेको कम्पनीको आर्थिक बर्ष २०७६/०७७ को लागी बाह्रय लेखापरीक्षकको नियुक्ति गर्ने सम्बन्धमा छलफल गर्दा श्री बि.के.अग्रवाल, चार्टड एकाउण्टेण्ट( बि.के.अग्रवाल एण्ड कम्पनी) लाई कम्पनीको आ.ब.२०७६/०७७ को लेखापरिक्षण, कर लेखा परिक्षण, बिस्तृत लेखा परिक्षण प्रतिवेदन (LFAR) तथा कम्पनी ऐनको दफा ७८ को बिवरण प्रमाणीकरण बापत रु.३,००,०००/- (तिन लाख) तथा परिवहन तथा अन्य खर्च बापत रु.४०,०००/- (चालिस हजार) मात्र पारिश्रमिक प्रदान गर्ने गरी आ.ब.२०७६/०७७ को लेखापरिक्षकमा नियुक्ती गर्न लेखापरिक्षण समितिबाट सिफारिस भई आएको हुनाले सो लाई अनुमोदन गरी निजलाई लेखापरिक्षकमा नियुक्ती गरी सो बमोजिम पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

**<u>बिशेष प्रस्ताब तथा निर्णय :</u>**

**१२.४ निर्जिवन बीमा ब्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्वन्धि कार्य गर्ने सम्बन्धि अधिकार संचालक समितिलाई प्रदान गर्ने ।**

निर्धारित बिषयसूची नं.८.२.१ उपर छलफल गर्दा बदलिदो अबस्थामा कम्पनीको चुक्ता पुजी बृद्धि हुन सक्ने अबस्था रहेको, कम्पनीको ब्यापार ब्यबसाय बिस्तार गरी बढीभन्दा बढी क्षेत्र र स्थानहरुमा कम्पनीको सेवा पुऱ्याउनुपर्ने अबस्था रहेको, नेपाल सरकार एबं नियमक निकाय बिमा समितिले

समेत बिमा कम्पनीहरु एक आपसमा मर्जर गर्नकालागी प्रात्साहित गरीरहेको र अझ बजबुत र सक्षम बिमा कम्पनी आजको आबश्यकता भएको कुरालाई मनन गर्दा कुनै उपयुक्त निर्जिवन बीमा व्यवसाय गर्ने कम्पनीसंग कम्पनीलाई गाभ्न, गाभिन वा प्राप्ती गर्दा उचित हुने अबस्था रहेकाले सो सम्वन्धि आश्यक कार्य गर्नकालागी संचालक समितिलाई अधिकार प्रदान गर्ने  निर्णय गरीयो ।

**१२.५ कम्पनीबाट सामाजिक संघ संस्थालाई आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को “ग” ले निर्धारण गरेको सिमा नाघेको हुदा सो अन्तर्गत भएको खर्च रु.९० हजार लाई अनुमोदन गर्ने ।**

निर्धारित बिषयसूची नं.८.२.२ उपर छलफल गर्दा कम्पनीबाट सामाजिक संघ संस्थालाई आर्थिक सहायता प्रदान गर्ने क्रममा पोखराका अग्नी पिडितहरुलाई आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को “ग” ले निर्धारण गरेको सिमा नाघेको हुदा सो अन्तर्गत भएको खर्च रु.९० हजार लाई अनुमोदन गर्ने निर्णय गरीयो ।

**१२.६ उपरोक्त बमोजिमका प्रस्ताव पारित भई स्वीकृतिका लागी पेश हुदा नियमनकारी निकाय वा कार्यालयबाट कुनै बिषयमा संसोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।**

निर्धारित बिषयसूची ८.२.३ मा रहेको उपरोक्त बमोजिमका प्रस्ताव पारित भई स्वीकृतिका लागी पेश हुदा नियमनकारी निकाय वा कार्यालयबाट कुनै बिषयमा संसोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरीयो ।

**१२.७ बिविध बिषयहरु कुनै प्रस्ताबहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।**

**१३. धन्यबाद ज्ञापन :**

कम्पनीको २३ औं वार्षिक साधारण सभामा ZOOM मार्फत प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझाबहरु कम्पनीको हितको लागि अतिनै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुचि राखी संचालक समिति तथा ब्यबस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी ब्यवस्थापन एबं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका सभापतिबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा बिसर्जन :**

अन्त्यमा, सभाका सभापति श्री रामकृष्ण मानन्धरज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको बिश्वब्यापि रुपमा फैलिएको COVID-19 महामारीको कारणले त्रास उत्पन्न भएकाले WHO एबं नेपाल

सरकारले तोकेको मापदण्ड पुरा गरी सुरक्षित रहन सबैमा अपिल गर्दै वहांले कम्पनीको २३ औं बार्षिक साधारण सभा सम्पन्न भएको धोषणा गर्नुभयो ।

| | |
|---|---|
| बिश्वनाथ अधिकारी | रामकृष्ण मानन्धर |
| **(कम्पनी सचिब)** | **(सभाका सभापति)** |

मिति २०७७ भाद्र १३ गते शनिबार ।